# संघीय संसद
# प्रतिनिधि सभा, २०७९

पहिलो अधिवेशन

## बैठक संख्या - ८

सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल माघ २७ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ५:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले राष्ट्रपति कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्वत् २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्का माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री शिशिर खनाल र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री डोलप्रसाद अर्यालले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले प्रधानमन्त्रीको सिफारिशमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यूले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध छ ।
>
> (यादवप्रसाद कोइराला)
>
> मिति : २०७९/१०/२३ सचिव

(पत्र पढीसकेपछि)

तदुपरान्त सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधनको प्रति टेबुल गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ३७ को उपनियम (३) बमोजिम सम्माननीय राष्ट्रपति महोदयबाट गरिएको सम्बोधन प्रति निम्नलिखित धन्यवादको प्रस्ताव पेश गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

### धन्यवादको प्रस्ताव

> "सम्माननीय राष्ट्रपतिद्वारा नेपालको संविधानको धारा ९५ बमोजिम प्रतिनिधि सभाको निर्वाचनपछिको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०७९ साल माघ २७ गते शुक्रबारका दिन गर्नुभएको सम्बोधनको लागि प्रतिनिधि सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ ।"

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले "अनुगमन तथा मुल्यांकन विधेयक, २०७६", "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७" र "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० ज्येष्ठ सदस्य श्री चित्र बहादुर के.सी.ले प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको कार्यावधि सकिएको मितिले अर्थात् २०७९ माघ २७ गतेबाट सात दिन थप गर्ने सम्बन्धी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल माघ २९ गते आइतबार दिनको ३:०० बजे बस्नेगरी आजको बैठक दिनको ५:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम

संघीय संसदको महासचिव